# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड १] काठमाडौं आषाढ [illegible] गते २००९ साल [संख्या [illegible]४५

भाग १

स्वस्तिश्री गिरिराज—चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली-विराजमानमानोन्नत ओजस्वी राजन्यप्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम सदा समरविजयिनाम ।

## नेपाल अन्तरीम शासनविधान, दोस्रो संशोधन

२००८

प्रधान न्यायालयको राम्रो संगठन र संचालनको लागि नेपाल अन्तरीम शासन-विधान २००७ लाई संशोधित गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# योटा ऐन

प्रस्तावना:— प्रधान न्यायालयको राम्रो संगठन र संचालन व्यवस्था दिनाको लागि केही अदल बदल र थप गर्नुपर्ने आवश्यक देखिएकोले मन्त्रिमण्डलका सल्लाहअनुसार यो ऐन जारी भएको छ।

१ क. यो ऐनको नाम--नेपाल अन्तरीम शासनविधान, दोस्रो संशोधन २००८, हुनेछ ।

ख. यो ऐन तुरुन्त लागू हुनेछ।

२ अन्तरीम शासनविधानको दफा ३०को उपदफा २ मा—प्रधान न्यायालय-सँग सल्लाह लिइनेछ-को पछि,--यस किसिमको नियुक्ति एक बर्षको नोकरी पुगेपछि सदर गर्ने गरी अस्थायिरूपमा हुन सक्तछ—थप्ने ।

३ दफा ३० को उपदफा ३मा नागरिक नभई र,—को पछि र उपदफा ३ को 'क, को अगि-जहाँसम्म हुन सक्छ. थप्ने। क. र ख.बाट कमसेकम झिक्ने । फेरि यही दफाको अन्त्यमा-न्यायाधीशहरू छान्न उच्चशिक्षासम्बन्धी विशिष्टता एवं अदालततर्फ र कानूनको राम्रो अनुभवको पनि विचार राखिनेछ,—थप्ने ।

४ दफा ३० को उपदफा ५ मा 'अयोग्य ठहरिएमाको पछि,--मन्त्रिमण्डलको कमसेकम ३ खण्डको,— अगाडि 'सल्लाहकार समितिको पनि राय बुझी, थप्ने ।

५ पुरानो दफा ३१ लाई निम्न लिखित सच्याइएको रूपमा पढ्ने.– ३१ प्रधान न्यायालयको आदेश फैसलाहरू अकाट्य प्रमाण भनी माने हुनेछ । तथा प्रधान न्यायालयको र सो मातहतका अदालतहरूको अवहेलनासम्बन्धी रुजाय गर्ने अख्तियार यस प्रधान न्यायालयलाई हुनेछ ।

—००—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वस्तिश्री गिरीराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली-विराजमानमानोन्नत ओजस्वी राजन्यप्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम्।

बिन्तिपत्र लिफाबारेमा ०८ साल आश्विन १३ गतेको बैठकको निर्णय-बमोजिम अबउप्रान्त नेपाल भरमुलुकमा कामकाज कारबाई गर्दा देहायबमोजिम गर्ने गराउने गरिबक्सिएको छ।

सरकारी अड्डामा आउने बिन्तिपत्र र टेलिफोनहरुबाट लिफामा लिने विषय विचार गर्दा अहिले हरेक कुराको जाहेरी बिन्तिपत्रहरू लिफा बेलिफामा आउने भइरहेको हुनाले देहायको कुरासम्मको बेलिफामा भए पनि र त्यसदेखि बाहेक अरू कुरामा लिफा नभए वा लिफा नपाइए सो लिफाबापतको दस्तूर १ को टिकट टाँसिएको वा नोट खामिएको वा मोरु १ को रूपैयाँ नै खामिएको भए पनि ऐन सवालबमोजिम कारवाई गर्नू।

१ सरकार वादी भई हेर्नुपर्ने कुराको।

२ सरकारको नोक्सान भए हुन लागेको कुराको।

३ हाकिम अफिसर कामदार कारिन्दा र ठालूले रैती दुनियाँलाई पीर दिए-को कुराको।

४ जागीरदारले अड्डासम्बन्धीमा जाहेर गरेको कुराको।

आकाशवाणी टेलिफोनको हकमा दुनियाँले पठाउँदा महसूल तिरी मात्र पठाउन पाउने हुनाले सोबमोजिम पठाएकोमा ऐन सवालबमोजिम कारवाई गर्नू।

सरकारी काममा सरकारी अड्डाबाट पठाएको टेलिफोन आकाशवाणीबाट पठाएको र जाहेरी बिन्तिपत्रहरूमा समेत ऐन सवालबमोजिम कारवाई गर्नू।

——११——

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ॐ

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली-विराजमानमानोन्नत ओजस्वी राजन्यपोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल-ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबलगोरखादक्षिणबाहु महाधिपति सर्वोच्चकम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

# नेपाल नागरिकताको ऐन

श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाहअनुसार नेपाली नागरिकताको निम्न लिखित ऐन जारी गरिबक्सेको छ ।

१. क. यो ऐनको नाम--नेपाली नागरिकताको ऐन २००९, भनिनेछ ।

ख. यो ऐन नेपाल भरमुलुकमा लागू हुनेछ ।

ग. यो ऐन तुरुन्त लागू हुनेछ ।

२. प्रत्येक व्यक्ति, जोनेपालको राज्यको अधिवासी भई निम्न लिखित शर्तहरूमा कमसेकम एक पूरा गर्छ, नेपालको नागरिक ठहर्छ ।

क. जो नेपाल राज्यमा जन्मेको हो ।

ख. जसको आमा बाबुमा एकजना नेपाल राज्यमा जन्मेको हो । नेपाल राज्य-भित्र आफ्नो स्थायी वासस्थान कायम गर्ने उद्देश्य ली स्वतस परिवार बसोवास गर्ने मानिस यहाँका अधिवासी ठहर्छ ।

३ नेपाल राज्यको कानून र रीतिबमोजिम नेपाली नागरिकको साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएको स्वास्नीमानिस नेपाली नागरिक ठहर्नेछ ।

४ तल लेखिएका कुनै श्रेणीका मानिसले नियमम तोकिएका अधिकारीलाई आवेदनपत्र दी नेपालको नागरिकता प्राप्त गर्न सक्छ।

क. नेपालमा जन्मेको वा विदेशमा घरवास भएपछि त्यहाँको नागरिकता नपाएका नेपाली आमा बाबुबाट विदेशमा जन्मेका केटाकेटीहरू ।

ख. नेपाली नागरिक आमाबाबुबाट जन्मेका स्वास्नीमानिसको विदेशी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लांगु हुनेछ।

मानिससँग २ दफामा लेखिएबमोजिम वैवाहिक सम्बन्ध भएपछि लोग्ने मरी वा वैवाहिक सम्बन्ध तोडिएपछि अथवा पारपाचुके भएपछि वा पोईले हेरचाह नगरी परित्यक्त भएमा वा अलग भएमा ।

ग. नेपाल छाडी विदेशमा गई बसोबास गरी विदेशी मुलुकका नागरिकता लिएका र तिनका साथमा आएका सन्तानसमेतलाई नेपाल राज्यक्षेत्रमा आई लगातार बसेका एक वर्षपछि ।

घ. जसले नेपाल राज्यमा कमसेकम ५ बर्षदेखि निवास गरेको हो ।

५. नागरिक हुने मानिसलाई तल लेखिएबमोजिम धर्म भकाई मात्र ईजाजतपत्र दिइनेछ ।

म शपथलिन्छु कि नेपाल सरकारको आधिपत्य स्वीकार गरी नेपालको कानून र रीतिरीवाजबमोजिम यहाँ बसुला र नेपाल राष्ट्रको बर्खिलाप कुनै काम गर्नेछैन।

६ नेपाली नागरिक हुने ईजाजतपत्र पाएका मानिसहरुको सो ईजाजतपत्र पाएको मितिदेखि सबै हक दावी र जवाफदेहीसमेत नेपाली नागरिकसरह नै हुनेछ र नेपालका नागरिक ठहर्नेछन् ।

७ यदफा ४को कुनै उपदफाबमोजिम नागरिकताको अधिकार नपाउने मानिसले झुठ्ठा बयान दी अथवा फरेबद्वारा नागरिकताको अधिकार पाएको ठहरेमा सरकारले निजका सो अधिकार बदर गरी तजाबजीरू १०००सम्म दण्ड समेत गर्नेछ । यस्तो खण्डमा सो नागरिकता पाएको मितदेखि नै बदर भएको ठहर्दछ।

८ कुनै नेपालीले विदेशको नागरिकता पाएपछि निजले नेपालको पनि नागरिक भई रहन सक्तैन ।

९ प्रधानमन्त्री र मन्त्री र प्रधान सेनापतिको उत्तरदायित्व पद, पूर्ण पदहरू प्राप्त नागरिकता पाएका १० वर्ष सम्म कसैले पाउने छैन ।

१० भोट सरकारसंग भएको सन्धि शर्तबमोजिम नेपाली लोग्ने मानिस भोटमा रहेको बखत भोटिनी स्वास्वीबाट पाएको छोराहरू नेपाली नागरिक र छोरीहरू भोटको नागरिक ठहर्छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११ नागरिकताको अधिकार प्राप्त गर्ने नगर्ने विषयको आवेदनपत्रहरू र त्यस-सम्बन्धी कारवाईको निमित्त सरकारले नियमहरू बनाउन सक्तछ ।

# नेपाली नागरिकता ऐन २००६ का नियम

१ नेपाली नागरिकता ऐन २००६ को नम्बर ६ बमोजिम बनेका नियमहरू।

२ नेपाली नागरिकता ऐन २००६ को नम्बर ४ बमोजिम नेपालको नागरिक हुन इच्छा हुने मानिसले नेपालका बासिन्दा भई घरद्वार गरी नेपाली नागरिक भई बस्न पाऊँ भनी सदरमा पुलीस गोस्वारामा, मोफसलमा भए गौंडा गढी गोस्वारामा दरखास्त गरे भने सो दरखास्तको बेहोरा साँचो हो होइन, सो दरखास्त गर्ने मानिस नागरिक हुन ईजाजत पाउन लायकको हो होइन, सोसमेत राम्रो हिसाबसँग बुझी नागरिक भै बस्न दिन हुने ठहरेमा नागरिक हुने ईजाजत दिनू।

३ माथि दफा२ बमोजिम नागरिक हुने ईजजात पाउनेहरूलाई कुन मितिदेखि सो ईजाजत कायम हुने हो, सोसमेत खुलाई ईजाजतपत्रको आदेश गरिदिनू र सदरमा भए पुलीस, गोस्वारामा, जिल्लामा भए गौडा गढी गोस्वारामा निजहरूको लगत किताप खडा गरी राखी बुझबुझारथमा पनि चलाउने गर्नू ।

४ नेपाल नागरिकता ऐन २००६ को नम्बर ७ बमोजिम नागरिकताको ईजाजतपत्र बदर गराउनालाई बेहोरासमेत खुलाई निकासा दिनू ।

५ माथि ४ दफाबमोजिम ईजाजतपत्र बदर भएकोमा त्यस्तालाई ३५ दिनभित्र निजले पाएका ईजाजतपत्र फिर्ता गरी लगतबाट नाउँ कटाउन आउनू भन्ने बेहोराको लगत राख्ने अड्डैको म्यादी पुर्जी दिनू . त्यस्तो म्यादी पुर्जी पाएपछि म्यादभित्र सोबमोजिम नगरी सो ईजाजतपत्र फिर्ता दाखिल हुन नसके पनि लगत काट्न अड्कदैन, सो बेहोरा जनाई लगत काटिदिनू ।

——०——

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली-विराजमानमानोन्नत ओजस्वी राजन्यप्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल-ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

नेपाल राज्यभर सबै व्यक्तिलाई दिनदिनै चाहिने आवश्यकीय माल सामान सुबिस्ता र किफायतसाथ वितरण होस् भन्ना खातिर सरकारले कैयौं नोक्सानी सही परिश्रमको पर्वाह नगरी ठाउँठाउँबाट माल सामान मगाई, मगाउन लगाई, कन्ट्रोल रेट तोकी वितरणको बन्दोबस्त गरेकोमा कुनैकुनै व्यापारी र व्यक्तिविशेषले आफ्नो स्वार्थसाधनमा लागी सरकारको उद्देश्यबमोजिम काम नगरी बिचबिचैमा कालोबजार गरी सरकार र दुनियाँ सबैलाई धोका दिने चेष्टा गरेकोले वाध्य भै सरकारले सो कालोबजार रोक्न यो ऐन जारी गरेको छ ।

१ क. यो ऐन को नाउँ--कालोबजार ऐन २००८, रहेको छ ।

ख यो ऐन नेपाल राज्यभर तुरुन्त लागू हुनेछ ।

२ सरकारले पर्ताखर्च मुनाफा र भाडा भगैरह इत्यादि सबै कुराको विचार राखी तोकिदिएको दर रेटमा तोकिदिएको ठाउँ पसलबाट नियमबमोजिम बिक्री नगरी लुकाई छिपाई बढी दररेटमा नियमबर्खिलाप बिक्री गरेमा कालाबजार गरेको भनिनेछ ।

३ सदरका पुलीस गोस्वाराका हाकिम वा मोफसलमा गौंडा गढी गोस्वाराका बडाहाकिमले कालोबजार गरेको आफैंले बुझेमा वा समाचार पाएमा वा उजूर पर्न आएमा समेत आफैं वा दर्जा पुगेका अफिसर खटाई तुरुन्त कारवाई गर्नू र कालोबजार गरेको सबुद प्रमाण गुज्रन आयो वा सरजमीनबाट देखियो भने खान तलासी लिने, पसलमा लाहाछाप लगाई राख्ने इत्यादि मुनासिब कारवाई हाकिमका तजबीजले गर्न हुन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. कालोबजार गरेको ठहरेमा गर्नेलाई हाकिमका तजबीजले रु. २००० सम्म दण्ड वा १५ दिनदेखि ६ महीनासम्म कैद वा दुवै हुनेछ ।

५. यसमा सजाय पाएको मानिसको लाइसेन्स जफत हुनेछ र कालोबजार गरेको वस्तु सरकारबाट जफत हुनेछ र जफत भएको वस्तुको बिक्री वितरण सरकारद्वारा प्रबन्ध गरिनेछ ।

—००—

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली-विराजमानमानोन्नत ओजस्वी राज्यन्यप्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल-ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीरविक्रम जङ्ग-बहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

प्रस्तावनाः—छापाखाना र अखवारहरूमाथि नियन्त्रण कायम गर्न र नेपा-लमा छापिएको वा लीथो भै प्रकाशित भएको हरेक पुस्तकको १ प्रति तालिका गरी संरक्षित राख्नुपर्ने आवश्यक देखिएकोले मन्त्रिमण्डलका सल्लाहअनुसार यो ऐन जारी गरिबक्सेको छ ।

# भाग १

## परिशिष्ट

१ यो ऐनको नाम-नेपाल छापाखाना र प्रकाशन रजिष्ट्रीसंबन्धी ऐन २००८ साल, भन्ने रहेको छ ।

२ यो ऐन गजेटमा प्रकाशित भएपछि नेपाल राज्यभर मुलुकमा लागू हुनेछ ।

३ प्रसंग अथवा विषयले अर्को अर्थ नलाग्नेमा देहायमा लेखिएबमोजिमका लवज हरूको अर्थ देहायमा लेखिएबमोजिम लाग्ने ।

(शब्दार्थ)

(क) किताव पुस्तक शब्दले हरेक भाषामा वा खण्डहरूले छापिएको वा लीथो भएको प्रत्येक पुस्तक पुस्तिका, राजनैतिक पर्चा, विवरण यन्त्र स्वरलीपि नक्सा मानचित्र इत्यादिलाई सूचित गर्दछ ।

(ख) सम्पादकः—छापाहरूमा प्रकाशित हुने विषय लेखहरू छान्ने नियन्त्रण गर्ने व्यक्तिलाई भन्दछ ।

(ग) हाकिम शब्दले-स्थानपन्न न्याय र शासनकर्ता (मोफसलमा गौंडा गढी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मोस्वराका हाकिम ) पुलीसको हाकिमलाई समेत भनिनेछ ।

(घ) छापा अखवार शब्दबाट बेलाबेलामा छापेको समाचार र समलोचनापत्र व्यंग चित्रलाई जनाउँछ ।

## भाग २

# छापाखाना र समाचारपत्रबारेको

(छापा र पुस्तकहरूमा हुनुपर्ने विषय)

४ नेपालराज्यभित्र छापेको हरेक किताब अखवारहरूमा छाप्नेका र छापेको ठाउँको नाउँ स्पष्ट बुझिने गरी छापेको हुनुपर्छ। ती किताबहरू अखबारहरू प्रचार हुने हो भने त्यसमा प्रकाशकको र प्रकाशन स्थानको नाउँ ठेगाना हुनुपर्छ ।

(छापखाना राख्ने मनसुबा हुनेले दरखास्त दाखिल गर्नुपर्ने ।)

५ नेपाल राज्यभित्र किताब अखबारहरू छाप्न छापाखाना राख्न चाहनेले छापाखाना राख्ने ठेगनापत्ता दुरुस्त खुलाई इलाकाका हाकिमछेउ र फलानाले फलानाठाउँमा छाप्ने कामको निमित्त छापाखाना राख्ने भएको छु भन्ने बेहोराको दरखास्त दिई इजाजत लीमात्र राख्न पाउँछ ।

(अखवार छाप्नलाई पुऱ्याउनुपर्ने रीत)

६ देहायबमोजिमको रीत नपुऱ्याई नेपाल राज्यभरी कसैले पनि अखवार छापी प्रकाश गर्न हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[क] सो अखवारको प्रत्येक प्रतिको निर्दिष्ट ठाउँमा संपादक हुनेको दुरुस्त नाम ठेगाना प्रष्ट बुझिने गरी छाप्नुपर्दछ।

[ख] छापी प्रकाश गर्न खोजेको हरेक सामयिक पत्रपत्रिका आदिका प्रकाशक र मुद्रक इलाकाका हाकिमकहाँ उपस्थित भै छापाखाना र प्रकाशन स्थानको पूरा पत्ता ठेगाना दी फलाना ठेगानाबाट प्रकाशित हुने फलाना नाउँ गरेको अखवारको म प्रकाशक र म मुद्रक हूँ भन्ने बेहोराको २ प्रति दरखास्त दिई इजाजत लिनुपर्छ

[ग] अखवारका मुद्रक प्रकाशक र छापाखानाका मालिकहरूमध्ये कोही बदलिएमा, घर डेरा सरेमा र अखवारको नाम फेर्नुपरेमा छापाखान कतै सार्नुपरेमा अथवा कोही कसैको ठाउँमा कायम मुकायम भै काम गर्नु परेमा र सो काममा नयाँ नियुक्ति भएमा] समेत माथि दफामा लेखिएबमोजिम दरखास्त दिई इजाजत लिनुपर्छ।

[कागजपत्र सदर गर्ने]

७ माथिका ५।६ दफाबमोजिम लेखिएका २ प्रति सक्कल दरखास्तमा इलाकाको हाकिमले सहिछाप गरी अड्डाको छापसमेत लगाई १ प्रति अड्डामा राखी १ प्रति गृहमन्त्रालयमा राख्न पठाई सो दरखास्त दिनेलाई जो चाहिने बेहोराको ईजाजत पुर्जी लेखी हाकिमको सहिछाप र अड्डाको छापसमेत लगाई दिने गर्नू जोसुकल रु २ तिरी सक्कल दरखास्त हेर्न र रु ५ तिरी रीत पूर्वकको नक्कल लिन पाउँछ।

[दरखास्त ईजाजतपत्र प्रमाण लाग्ने]

८ फौजदारी देवानी जुनसुकै मुद्दामा यस ऐनको दफा दफामा लेखिएका दरखा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रीतपूर्वकको नक्कल पेश भएमा मुद्रक काशक आदि हुन् भन्ने सम्बन्धमा प्रमाण लाग्दछ ।

[प्रकाशकहरूले राजिनामा गर्दा पुर्याउनुपर्ने नियम]

९ रीतपूर्वक दरखास्त दिई ईजा पाइसकेपछि पनि सो कामबाट अलग हुन चाहने मुद्रक प्रकाशकहरूले आफ्ना मितिदेखि म फलाना अखबारको मुद्रक प्रकाशक इत्यादि कामबाट राजिनामा गरें भनी २ प्रति दरखास्त इलाकाका हाकिमछेउ पेश गर्नू । हाकिमले दुवै प्रति दरखास्तमा सहिछाप गरी अड्डाको छाप लगाई निजको सुरुदरखास्तसाथ नत्थी गरी राख्ने, राख्न पठाउने र सो दरखास्तवालालाई जो चाहिने बेहोराको इजाजत पुर्जी लेखी हाकिमले सहिछाप गरी अड्डाको छाप लगाइदिने गर्नु . जोसुकैले रू २ तिरी नक्कल दरखास्त हेर्न र रू ५ तिरी रीतपूर्वकको नक्कल लिन पाउँछ ।

(संपादक प्रकाशक, मुद्रक नभैकन पनि आफ्नो नाम छापा आदिमा प्रकाशित गर्नुपर्ने काम)

१० कुनै मानिस संपादक प्रकासक मुद्रक इत्यादि नभए पनि निजको नाम संपादक, प्रकाशक, मुद्रक भनी छापा आदिमा प्रकाशन हुन गएमा आफूले थाहा पाएका २१ दिनभित्र हाकिमकहाँ गई फलाना अखबारमा वा फलाना कुरामा फलाना मितिमा संपादक, प्रकाशक, मुद्रक इत्यादि जे भन्ने आफ्नो नाममा छापिन गएको छ, सो कुराको उजूर गर्नुपर्छ। त्यस्तो उजूर पर्न आएमा इलाकाको हाकिमले जो बुझ्नुपर्ने बुझी अथवा बुझ्न लगाई उजूरी साँचो ठहरिएमा त्यसको प्रमाणपत्र दिनुपर्छ । मनासिब कारणबाट दरखास्त दिने म्यादभित्र त्यस्ताले उजूरी दिन नसकेको देखेमा इलाकाको हाकिमले थप म्याद दिन हुन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ३

## किताब दाखिल गर्नेबारेको

( छापा भएका किताब प्रति दाखिल गर्ने )

११ अबउप्रान्त नेपाल राज्यभित्र छापिएको वा लीथो भएको नक्सा चित्रहरू समेतको दुरूस्त २ प्रति किताब प्रकाशकसँग जे शर्त भए पनि छाप्नेले नै प्रेसबाट निस्की वितरण हुनुअघि विनामोलमा आफ्नो तर्फबाट गृहमन्त्रालयमा बुझाई त्यसको भरपाई रसीद गराई लिनुपर्छ। सो किताब अरू किताबसरह असल कागतमा छापिएको र जिल्ाबन्द हुनुपर्छ। यस कामलाई प्रकाशकले छापाखानालाई सो म्यादअगावै किताबलाई चाहिने नक्सा छापा तसबीर इत्यादि दुरूस्त बुझाउनुपर्छ। प्रेसबाट निस्केको वर्षदिन भित्रमा सरकारलाई अर्को एक वा दुइ प्रति चाहियो भने छाप्नेले विना-मोलमा महीनादिनभित्र सरकारको आदेशबमोजिम बुझाउनुपर्छ।

(क) कुनै किताबको दोस्रो वा अरू पछिल्ला संस्करण हुँदा पहिला संस्करणमा छापिएका कुरा नक्सा चित्रहरू पहिलेको संस्करणभन्दा केही घटबढ वा फरक परेको रहेछ भने मात्र दोस्रो वा पछिल्ला संस्करणको प्रति माथि लेखिएबमोजिम बुझाउनुपर्छ, फरक नपरे बुझाइरहनुपर्दैन।

(ख) यस ऐनको दफा ६बमोजिम गरी छापेको अखबारमा भने यो दफा लाग्दैन।

(ग) राजनैतिक पर्चाबाहेक अरू पर्चा इत्यादिमा यो दफा लागू हुनेछैन।

(छापा अखबार दाखिल गर्ने)

१२ नेपाल राज्यभर हरेक अखबार छाप्नेले सो छाप्नेबित्तिकै हरेक छापिएका २ प्रति इलाकाका हाकिमछेउ विनामोलमा आफ्नै खर्च लगाई बुझाउनुपर्छ। सो अखबार दाखिल भएपछि इलाकाका हाकिमले १ प्रति आफिसमा राखी १ प्रति गृहमन्त्रालयमा पठाउने गर्नू।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## दण्डसजाय

(ऐनबर्खिलाप छापा किताबहरू छाप्ने प्रकाश गर्नेलाई हुने सजाय)

१३ यस ऐनको ४ दफाबमोजिमको नियमबर्खिलाप कुनै किताब अथ वा अखवार छापा छाप्ने प्रकाश गर्नेलाई रू २०० सम्म वा ६ महीनासम्म कैद र अथवा दण्ड कैद दुवै हुन्छ।

१४ छापाखाना राख्ने ईजाजत नपाई कसैले छापाखाना राखेको ठहरे २००० सम्म दण्ड वा ६ महीनासम्म कैद वा दुवै हुन्छ।

१५ ऐनबमोजिम चाहिने दरखास्त दाखिला गरे वा फरेब हुँदा कुरा जानी जानी पेश गरी कसूरदार ठहरेकालाई रू २००० सम्म दण्ड र ६ महीना कदको सजाय हुन्छ।

(अखवार संपादक प्रकाशकहरूले बेरीत गरेमा हुने सजाय)

१६ माथि दफादफामा लेखिएबमोजिम नगरी कसैले कुनै अखवार संपादन गरेको छापेको वा प्रकाश गरेको र ऐनबमोजिम रीत पुगेको छैन भनी जानी जानी कसैले कुनै अखवार संपादन गरेको गराएको वा छापेको छाप्न लगाएको, प्रकाश गरेको गर्न लगाएको ठहरे २००० सम्म दण्ड अथवा ६ महीनासम्म कैद वा दुवै हुन्छ।

(छापाखाना र प्रकाशकले किताप नबुझाएमा हुने सजाय)

१७ माथि ११ दफामा लेखिएबमोजिम किताब छाप्नेले किताबहरू नबुझाएमा पटकैपिच्छे अखतियारवाला हाकिमका तजबीजले रू ५० सम्म जरिवाना र निजले बुझाउनुपर्ने प्रतिहरूको मोलसमेत थप दण्ड हुन्छ। सोही

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दफाको देहायबमोजिमको रीत पुऱ्याउनालाई प्रकाशकले छापाखाना-लाई चाहिने छापा नक्सा चित्रहरू टाइममा नदिएमा प्रकाशकलाई हाकिमका तजबीजले पटकैपिच्छे रू ५०। जरिवाना र नक्सा चित्रहरूको मोलबमोजिम थप दण्डसमेत हुन्छ। यो दफाबमोजिमको अपराध जानी जानी अटेर गरी गरेमा हाकिमका तजबीजले रू १००। दण्ड वा ३ महीनासम्म कैद हुन्छ।

[ अखवार दाखिल नगरेमा हुने सजाय ]

१८ नेपालमा प्रकाशित कुनै अखवार छाप्नेले १२ दफाबमोजिम दाखिल गर्नुपर्ने अखवार नबुझाए, अपराध गरेको ठहरे निजलाई पटकैपिच्छे रू ५०। सम्म जरिवाना हुन्छ।

## भाग ५

## किताबहरूको रजिष्टर

[ किताबहरूको फेहरिस्त राख्ने ]

१९ यस ऐनको ११ दफाबमोजिम दाखिल हुन आएको नेपालमा प्रकाशित हरेक किताबहरूको फेहरिस्त बही खडा गर्नालाई गृहमन्त्रालयबाट १ प्रति ने. भा. प्र. समितिमा पठाइदिनू। सो ने. भा. प्र. समितिका हाकिमले पनि तल लेखिएबमोजिमको कुराहरू भरसक खुलाई बही खडा गरी राखी सो फेहरिष्ट ३।३ महीनामा गजेटमा छापी प्रकाश गर्ने गर्नू।

(क) किताबको नाउ र विषयसहितको मुखपत्र टाइटिल पेज नेपाली भाषामा भए नेपालीमा, नभए उल्था गरी नेपाली भाषामा लेख्ने।

(ख) कुन भाषामा पुस्तक लेखेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) समग्र वा भागको लेखक अनुवादक वा संपादकको नाउँ ।
(घ) विषय ।
(ङ) छापाखानाको ।
(च) मुद्रक र प्रकाशकहरूको संस्थाको नाउँ ।
(छ) छापेको वा प्रकाश गरेको मिति ।
(ज) पृष्ठसंख्या ।
(झ) आकार ।
(ञ) कुन संस्करण हो ।
(ट) सो संस्करणमा छापेको किताब संख्या ।
(ठ) छाषा भएको वा सीसो भएको के हो ।
(ड) मूल्य प्रतिकापी ।
(ढ) कपि राइट पाउने मालिकको नाउ पत्ता ।

## भाग ६

## विविध

[ ऐन बनाउने सरकारको अखतियार ]

२० नेपाल सरकारले यो ऐनको दफाहरू अदलबदल थपघटसमेत गर्नुपर्ने आवश्यक देखेमा गर्न सक्तछ । यस्तो थपघट अदलबदल भएमा नेपाल गजेटमा प्रकाशित हुनेछ ।

२१ नेपाल सरकारले गजेटमा सूचना छापी कुनै किसिमको कितावहरू या अखबारहरूका निमित्त यो ऐनको कुनै दफामा यो ऐन लागू नहुनेसमेत गर्नेछ ।

[ आपत्तिजनक पुस्तक पुस्तिका, पर्चा जफत गर्ने ]

२२ राष्ट्रहितको दृष्टिले आपत्तिजनक पुस्तक पुस्तिका, पर्चा इत्यादि सरकारका तर्जबीजबाट जफत हुनेछ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ चलिरहेका छापाखाना, अखबारहरू र मुद्रक प्रकाशकहरूले
यो ऐन जारी भएपछि गर्ने ]

२३ यो ऐन जारी हुनुभन्दा अघिदेखि चलिरहेका छापाखाना अखबारहरू र प्रकाशक मुद्रक इत्यादिहरूले यो ऐन जारी भएका ३५ दिनभित्र यो ऐनको दफादफामा लेखिएबमोजिम इलाकाका हाकिमछेउ दरखास्त दिई इजाजत लिनुपर्छ। लेखिएबमोजिम नगरेको ठहरे ऐनबमोजिम सजाय हुनेछ।

[ यो ऐन र मुलुकी ऐनबमोजिम ]

२४ यो ऐनमा लेखिएकोमा यैबमोजिम र अरूमा मुलुकी ऐनबमोजिम हुनेछ।

२५ यो ऐन जारी भएपछि २००५ साल वैशाख २ गतेको छापाखाना, प्रकाशन र प्रकाशनसंबन्धी ऐन खारेज भएको सम्झनुपर्छ।

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५५